
**देश र जनताको निःस्वार्थ सेवा गरौं ! समाजवादी प्रचार अभियान अगाडि बढाऔं !**
**मादल चिन्हमा छाप लगाऔं !!**



# नेपाल मजदुर किसान पार्टीका

## उम्मेदवारहरूलाई अत्याधिक मतले विजयी गराऔं !



**का. बखतबहादुर थापा**
**प्रतिनिधिसभा सदस्य उम्मेदवार**
**दैलेख, क्षेत्र नं. २**

## प्रतिनिधिसभाका समानुपातिक उम्मेदवारहरू




का. नर्मा कुमारी गुरुङ



का. तारा न्यौपाने



का. जग्यबहादुर शाही



का. लक्ष्मी कुमार विक



का. सौरे कामी

**नेपाल मजदुर किसान पार्टी, निर्वाचन परिचालन समिति, दैलेख**

CamScanner

# कामरेड बखतबहादुर थापाको संक्षिप्त परिचय

का. बखत थापा २०३२ कार्तिक ६ गते साविकको लयाँटी बिन्द्रासैनी (चामुण्डा विन्द्रासैनी नपा-७) दैलेखमा बुवा मन थापा तथा आमा सेतु थापाको कोखबाट चौथो सन्तानको रूपमा जन्मिनु भएको थियो । गाउँकै भैरव प्रा.वि. डौंसुरबाट (हाल उ.मा.वि.) शैक्षिक यात्रा सुरु गर्नु भएका थापाले राजनीतिक शास्त्रमा प्रविणता प्रमाण पत्र तहसम्मको शिक्षा हासिल गर्नुभएको छ ।

विद्यालयमा अध्ययन गर्दै उहाँ नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घमा आवद्ध हुनुभयो र २०४६ सालको जनआन्दोलनमा सहभागी हुनुभयो । २०५१ मा गाउँस्तरीय जनवर्गीय सङ्गठनहरूमा जिम्मेवारी बहन गर्नुभयो । त्यस्तै, २०५५ सालमा पार्टी गाउँ समितिको सदस्य र २०५७ सालमा उपाध्यक्ष हुँदै उहाँले पार्टी गाउँ समितिको अध्यक्षको जिम्मेवारी बहन गर्नुभयो । का. थापाले २०५९ सालमा नेपाल क्रान्तिकारी युवा सङ्घ दैलेख जिल्ला समिति उपाध्यक्षको जिम्मेवारी लिनुभयो ।

का. थापा २०६२ मा नेक्रायुसङ्घको केन्द्रीय सदस्य हुनुभयो । सोही वर्षको नेमकिपा दैलेखको ९औं जिल्ला सम्मेलनबाट उहाँ पार्टी जिल्ला समितिको सदस्य हुनुभयो । उहाँले नेक्रायुसङ्घको सेति महाकाली इन्चार्जको जिंम्मेवारी पूरा गर्नुभयो । २०६८ मा जुम्लामा सम्पन्न नेक्रायुसङ्घको राष्ट्रिय सम्मेलनबाट केन्द्रीय समितिको उपाध्यक्षको जिम्मेवारी सम्हाल्नुभयो । उहाँले २०७२ देखि २०८२ कार्तिकसम्म नेमकिपाको बाँके जिल्ला समिति अध्यक्षको जिम्मेवारी बहन गर्नुभयो । २०८१ फागुनमा सम्पन्न आठौं महाधिवेशनबाट उहाँ केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभयो ।

का. थापाले प्रतिगमनविरुद्धको आन्दोलनमा धेरै पटक जेल र हिरासतको यातना समेत भोग्नुभयो । द्वन्द्वकालमा राज्य र विद्रोही दुवै तर्फबाट शारीरिक र मानसिक यातना तथा हातमा हत्कडी र आँखामा पट्टी लगाएर यातना दिंदासमेत विचलित नभई गलत प्रवृत्ति र विवेकहिंनताको विरुद्धमा निरन्तर आवाज उठाइरहनु भएको थियो ।

उहाँले नेपाली समाजमा कलङ्कको रूपमा रहेको रुढीवादी संस्कार, विभिन्न जातजाति र भाषाभाषीबिच्चको भेदभाव, थिचोमिचो, दमन र अत्याचार, मुलुकमा व्याप्त भ्रष्टाचार र घुसखोरीविरुद्ध निरन्तर लड्दै आउनुभएको छ । का. थापा यही २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा दैलेख जिल्लाका क्षेत्र नं.२ मा नेमकिपाको तर्फबाट उम्मेदार हुनुहुन्छ ।

नेमकिपाको चुनाव चिन्ह मादलमा मतदान गरी वखतबहादुर थापालाई अत्यधिक मतले विजयी गराई दिनहुन सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अपिल गर्दछौं ।

CS CamScanner

# नेमकिपाको घोषणा पत्रको सार

- नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई सधैँ दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लिँदै आएको छ ।
- संसद्को मुख्य काम 'प्रधानमन्त्री' छनोट गर्ने होइन बरु आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो ।
- संसद्लाई जनताको पिरमर्का हेर्ने तथा देशको रक्षा गर्ने देशभक्तहरूको सदन बनाउनु आवश्यक छ ।
- केही वर्षदेखि नेपालमा सांसदलाई 'हाजिर गरेर भत्ता पचाउने', 'रातो राहदानी बेच्ने' र 'खालि सहुलियत खोज्नेहरूको सङ्ख्या' जस्ता शब्द र वाक्यांशहरू जनताबाट प्रयोग भयो- बसमा, चिया पसल र चौतारीहरूमा समेत !
- कृषि उत्पादन बढाउन आवश्यक र सम्भव भएका ठाउँहरूमा सिँचाइका नहरहरू र मल-कारखाना बनाउन आवश्यक छ। बिउबिजनको बन्दोबस्त अर्को महत्त्वपूर्ण विषय हो। बिउमा समेत निर्भरताले देशको कृषि उत्पादन ह्रास भएको हो ।
- निजीकरण गर्ने प्रजातान्त्रिक सरकारहरूको नीतिका कारण देश परनिर्भरताउन्मुख छ। लाखौँ नेपाली युवालाई विदेश पठाउँदा देशको कृषि अर्थतन्त्रमा बज्रपात भयो ।
- मध्यम, गरिब, खेती किसान र खेतीहर मजदुरकै निम्ति सहकारी संस्थाको बढी महत्त्व हुन्छ। खेतीको काम सिधिनासाथै उनीहरूलाई सहकारीमार्फत घरघरमा काम गर्ने, कुटीर व्यवसाय, ससाना घरेलु र साना उद्योगको बन्दोबस्त गर्नुपर्ने हो ।
- नेपालमा सहकारी मन्त्रालयका मन्त्री र विभागका माथिल्ला कर्मचारीहरूले सहकारी संस्थाहरूलाई 'निजी बैङ्क' को रूपमा 'बचत र ऋण सहकारी संस्था' बनाएर ठुल्ठुला निजी बैङ्कहरूको दलाल बनाउने अपराध गरे ।
- देशको सबभन्दा 'सस्तोमा विद्युत् उत्पादन' हुने माथिल्लो कर्णाली योजना नेपाली जनताको सपना हो ।
- नेपालका उत्पादित सबै जलविद्युत्को भण्डारण हुने केन्द्रीय विद्युत् ग्रीड भारतमा बनाइएको खारेज गर्नु आवश्यक छ। अहिले आफ्नै जलस्रोतबाट उत्पादन हुने बिजुली भारतीय विद्युत् कम्पनीसँग किन्न नेपाल बाध्य छ ।
- नेपाल मजदुर किसान पार्टीले २०४८ सालदेखि नै आफ्नो निर्वाचन घोषणापत्रमार्फत देशको द्रुततर विकास गर्न दुर्गम क्षेत्रहरूमा रोपवे (रज्जुमार्ग), केबुल कार र सुरुङमार्ग, रेलमार्ग अवलम्बन गर्नुपर्नेबारे सरकारहरूको ध्यान आकर्षित गराएको थियो ।
- स्थानीय पालिकालाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्न भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक संसद्को पहिलो अधिवेशनबाट पारित हुनु जरुरी छ ।

CamScanner

# नेमकिपाको घोषणा पत्रको सार

- विश्वविद्यालयहरूले समाजलाई बुद्धिजीवीकरण गर्ने अभियानको अगुवाइ गर्ने नीति बनाउनु उपयुक्त हुनेछ ।
- सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिष्ट्रारहरू र संवैधानिक आयोगका पदाधिकारी एवम् मुख्य-मुख्य कर्मचारीहरूको नियुक्ति सम्बन्धित कर्मचारीहरूबाट हुनु उपयुक्त हुनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने कानुनी व्यवस्था गराउनु उपयुक्त हुनेछ ।
- मानव सभ्यताको विकासको आँखाले हेर्दा यो देश विश्वका धेरै देशभन्दा उन्नत स्थानमा छ ।
- नेपालका सडक निर्माणमा कमसल सामग्रीको प्रयोग र प्राविधिक त्रुटी नै भ्रष्टाचारका प्रमुख कारण हुन् ।
- सुसंस्कृत समाज निर्माणको लागि विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुने कानुनी व्यवस्था जरुरी हुन्छ । सुसंस्कृत समाज निर्माणसँगै जातीय विभेद, छाउगोठ, बोक्साबोक्सीलगायत अन्धविश्वास पूर्णरूपले अन्त्य हुनेछ ।
- जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गर्नु आवश्यक छ । आमा र बुबा वंशजको नेपाली नागरिकका छोराछोरीमात्र वंशज नेपाली नागरिक हुने कानुनी व्यवस्था जरुरी छ ।
- विदेशी पुँजी लगानीको नाउँमा नेपाललाई साम्राज्यवादीहरूको नवउपनिवेश बनाउने लगानी बोर्ड खारेज गराउन जोड दिइनेछ ।
- सर्वसाधारण जनतालाई स्वास्थ्य बीमाको उपचारमा थप सेवासहित सहज बनाउनु उपयुक्त हुनेछ भने निजी अस्पतालमा स्वास्थ्य बीमा सुविधा दुरूपयोग भइरहेको रोक्नु आवश्यक छ ।
- सङ्घीय राज्यको सिद्धान्तअनुसार केन्द्रीय सरकारले पूर्व, पश्चिम र मध्य भागको हिसाबले विशेषज्ञ सेवा दिन सक्ने तीनवटा अस्पताल र मेडिकल कलेजको बन्दोबस्त गर्नु आवश्यक छ । हरेक प्रदेशले स्तरीय उपचारको निम्ति एक एक प्रादेशिक अस्पतालहरू सञ्चालन गर्नु आवश्यक छ । हरेक नगरपालिकाले एक एक वटा नगर अस्पताल तथा गाउँपालिकाले भूगोलअनुसार स्वास्थ्य केन्द्रहरूको बन्दोबस्त गर्नु आवश्यक छ ।
- सरकारी स्वास्थ्य संस्थाहरू प्रभावकारी नभएको हुँदा ती संस्थाहरूलाई पालिकामार्फत जनताको सेवा गराउने व्यावहारिक नीति लागु गर्नु उचित हुनेछ ।
- सरकारहरूले अधिकार र बजेट सङ्घमा केन्द्रित गर्दा प्रदेश सरकार प्रभावकारी भएन र जिल्ला समन्वय समितिको औचित्य पनि पुष्टि भएन ।

CamScanner

# नेमकिपाको घोषणा पत्रको सार

- सरकारहरूले कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिने र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण लिने गरेको देशघाती काम हो ।
- भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था जरुरी छ ।
- नेमकिपाका उम्मेदवारहरू देशभरिबाट निर्वाचित नभएसम्म आमूल परिवर्तनको लागि सङ्केत परिपक्व हुने छैन ।
- पुँजीवादी व्यवस्थाको निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र कानुनसम्मत हुने छैन ।
- निर्वाचन एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष हो । यो जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' जस्तै हो । निर्वाचनबाट समाजवाद आउँदैन ।
- इतिहासमा बेलायती उपनिवेशवादले गरेजस्तै अमेरिकी ट्रम्प प्रशासनले तिब्बत कब्जा गरी नयाँ युद्धको तयारी गर्दै छ ।
- 'रङ्गीन क्रान्ति' को आवरणमा संरा अमेरिकी साम्राज्यवाद संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठुलो बल प्रयोग गर्दै छ ।
- विश्व शान्तिलाई खलल पार्ने ट्रम्प प्रशासनको यो कार्य संसारको निम्ति एक जघन्य अपराध साबित हुनेछ ।
- अमेरिकी साम्राज्यवादले एमसिसीको नाउँमा नेपालको जलस्रोतमा हात हाल्दै भारतीय एकाधिकार पुँजीको सेवा गराउँदै छ ।
- ट्रम्प प्रशासनले पेट्रोलको खानी अमेरिकी कम्पनीहरूलाई दिलाउन भेनेजुयलामा निर्मम आक्रमण गर्‍यो । अब नेपालमा अमेरिकी हमलाको सम्भावना र निहुँलाई नेपाली जनताले बिर्सनु हुन्न । हामी सदा होसियार रहनु आवश्यक छ ।
- नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गराइने एमसीसी सम्झौता र नेपालका सैनिक ब्यारेकमा अमेरिकी साम्राज्यवादको सेनालाई परेड खेलाउने एसपीपी साझेदारी खारेज गराउनु जरुरी छ ।
- पिछलग्गू देशको कुनै इज्जत रहँदैन; त्यस्तो देशको पराजय आफ्नै देशका विदेशी दलालहरूबाट हुन्छ । पढेलेखेका धनी र माथिल्ला सामन्त एवम् कर्मचारीहरूले सुगौली सन्धिमा हस्ताक्षर गरेर नेपाललाई हराएका थिए ।
- पैसा, उपहार र पदको लोभमा कुनै नेपालीले विदेशीको दलाली नगरून् भनी हामी सबैलाई सचेत पार्न चाहन्छौँ ।

CamScanner


# नेमकिपाको घोषणा पत्रको सार

- सरकारहरूले कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिने र ऋणको सावाँ ब्याज तिर्न पनि ऋण लिने गरेको देशघाती काम हो ।
- भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था जरुरी छ ।
- नेमकिपाका उम्मेदवारहरू देशभरिबाट निर्वाचित नभएसम्म आमूल परिवर्तनको लागि सङ्केत परिपक्व हुने छैन ।
- पुँजीवादी व्यवस्थाको निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र कानुनसम्मत हुने छैन ।
- निर्वाचन एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष हो । यो जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' जस्तै हो । निर्वाचनबाट समाजवाद आउँदैन ।
- इतिहासमा बेलायती उपनिवेशवादले गरेजस्तै अमेरिकी ट्रम्प प्रशासनले तिब्बत कब्जा गरी नयाँ युद्धको तयारी गर्दै छ ।
- 'रङ्गीन क्रान्ति' को आवरणमा संरा अमेरिकी साम्राज्यवाद संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठुलो बल प्रयोग गर्दै छ ।
- विश्व शान्तिलाई खलल पार्ने ट्रम्प प्रशासनको यो कार्य संसारको निम्ति एक जघन्य अपराध सावित हुनेछ ।
- अमेरिकी साम्राज्यवादले एमसिसीको नाउँमा नेपालको जलस्रोतमा हात हाल्दै भारतीय एकाधिकार पुँजीको सेवा गराउँदै छ ।
- ट्रम्प प्रशासनले पेट्रोलको खानी अमेरिकी कम्पनीहरूलाई दिलाउन भेनेजुयलामा निर्मम आक्रमण गऱ्यो । अब नेपालमा अमेरिकी हमलाको सम्भावना र निहुँलाई नेपाली जनताले बिर्सनु हुन्न । हामी सदा होसियार रहनु आवश्यक छ ।
- नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गराइने एमसीसी सम्झौता र नेपालका सैनिक ब्यारेकमा अमेरिकी साम्राज्यवादको सेनालाई परेड खेलाउने एसपीपी साझेदारी खारेज गराउनु जरुरी छ ।
- पिछलग्गू देशको कुनै इज्जत रहँदैन; त्यस्तो देशको पराजय आफ्नै देशका विदेशी दलालहरूबाट हुन्छ । पढेलेखेका धनी र माथिल्ला सामन्त एवम् कर्मचारीहरूले सुगौली सन्धिमा हस्ताक्षर गरेर नेपाललाई हराएका थिए ।
- पैसा, उपहार र पदको लोभमा कुनै नेपालीले विदेशीको दलाली नगरून् भनी हामी सबैलाई सचेत पार्न चाहन्छौं ।


CamScanner

# यसकारण मादलमा छाप लगाऔं !

- ❑ देशको सीमा सुरक्षा र सार्वभौमिकता रक्षाको सङ्घर्ष अघि बढाउन,
- ❑ देशलाई सिक्किम बनाउन खोज्ने 'नेपाली लेण्डुपहरू' लाई परास्त गर्न,
- ❑ भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरुद्ध सङ्घर्ष चालु राख्न,
- ❑ विदेशी पुँजीले नेपाली उद्योगी-व्यापारीलाई नाङ्ले पसलमा झार्ने नागरिकता ऐनको दफा खारेज गराउन,
- ❑ माध्यमिक शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गराउन,
- ❑ भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालय विधेयक पारित गराउन
- ❑ जेष्ठ नागरिक, अशक्त, टुहुरा-टुहुरीको आववश्यक व्यवस्था गराउन,
- ❑ छुवाछुत, छाउपडी, बोक्साबोक्सीलगायत अन्धविश्वासलाई अन्त्य गराउन,
- ❑ नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती खारेज गराउन,
- ❑ क्रान्तिकारी भूमीसुधारमार्फत देशलाई कृषिमा आत्मनिर्भर बनाउन र रासायनिक मल कारखाना स्थापना गराउन,
- ❑ किसान, मजदुर र कामदार वर्गको हितमा कानुन बनाउन,
- ❑ बढ्दो वातावरणीय प्रदूषण तथा अव्यवस्थित बस्ती विकास रोकेर देशको सन्तुलित विकास गर्न,
- ❑ प्राकृतिक स्रोत र सम्पदा तथा सांस्कृतिक सम्पदा संरक्षण गर्न,
- ❑ नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गराउन ।



पहिलो मतपत्र रातो
प्रतिनिधिसभा प्रत्यक्ष उम्मेदवार



दोस्रो मतपत्र कालो
समानुपातिक उम्मेदवार

## नेपाल मजदुर किसान पार्टी
## केन्द्रीय निर्वाचन परिचालन समिति

मुद्रण : त्रिशालिन अफसेट प्रेस, ०१६६१४५३